# दंगीशरण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

☎ फोन नं. ९८४९७५६३०३

हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल


प.सं. २०७९/८०
च.नं. १२३

मिति: २०७९/०५/०२

**विषयः- निर्वाचन खर्च सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु (सबै),
दंगीशरण गाउँपालिका ।

-------------------------------------------

उपरोक्त सम्बन्धमा प्रदेश निर्वाचन कार्यालय दाङको च.नं. २६ मिति २०७९/०५/०२ गतेको निर्वाचन खर्च सम्बन्धी पत्र आवश्यक जानकारीका लागी यसै साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ। निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको तिस दिन भित्र सम्बन्धित जिल्ला वा प्रदेश निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानूनी व्यवस्था बमोजिम, स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन परिणाम प्रकाशित भएको मितिले ३० दिन भित्र निर्वाचन खर्च विवरण पेश गर्ने, नगर्ने वा पेश गरेपनि समयमा पेश नगर्ने उम्मेदवारहरुको सम्बन्धमा भएको निर्णय पत्रबाट अवगत गर्नुभई आवश्यक सहजीकरण गरिदिनुहुन अनुरोध छ ।

२०७९।५।२
..................
(अमर बहादुर वली)
प्रमुख प्रशासकीय अधिकृत

अमर बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

निर्वाचन आयोग नेपाल
# प्रदेश निर्वाचन कार्यालय
लुम्बिनी प्रदेश, दाङ

पत्र संख्या :-२०७९/०८०(क.प्र.)  
चलानी नं.:- २६९

घोराही  
मितिः-२०७९/०५/०२

**विषय : निर्वाचन खर्च सम्बन्धमा ।**

श्री स्थानीय तहहरु (सबै),

दाङ।

प्रस्तुत विषयमा निर्वाचन आयोगको मिति २०७९।०४।३१ को बैठकबाट निर्वाचन खर्च सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय भएको हुँदा तहाँ उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाले आवश्यक सहजीकरण गरिदिनुहुन अनुरोध छ ।

<u>देहाय</u>

(१) स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेश गर्ने संलग्न सूची बमोजिमका उम्मेदवारहरुलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य पदका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको वडा कार्यालयमा मिति २०७९।०५।०७ सम्म सार्वजनिक गरी सोको जानकारी यस कार्यालयमा उपलब्ध गराउनु हुन ।

(२) निर्णय १ बमोजिम स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन परिणाम प्रकाशित भएको मितिले ३० दिन भित्र निर्वाचन खर्च विवरण पेश नगर्ने वा पेश गरेपनि समयमा पेश गरेका उम्मेदवारहरुले के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाएको हो ? तोकिएको समयावधिभित्र निर्वाचन खर्च नबुझाएकोमा तपाईहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो ? सोही ऐनको सोही दफाको उपदफा (४) बमोजिम आफ्नो सफाई सहितको

फोन/फ्याक्स नं. ०८२-५६०८२०, Email : deo.dang@election.gov.np
"निर्वाचनमा सबै, सधैं, सँगै "

प्रदेश निर्वाचन अधिकारी

निर्वाचन आयोग, नेपाल
# प्रदेश निर्वाचन कार्यालय
## लुम्बिनी प्रदेश, दाङ

स्पष्टीकरण गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सम्बन्धित जिल्लाको निर्वाचन कार्यालय वा निर्वाचन आयोग, कान्तिपथ, काठमाडौंमा आफै उपस्थित भई वा आयोगको राजनीतिक दल व्यवस्थापन शाखाको इमेल (ecn.ppm@eletion.gov.np) मा पेश गर्ने ।

उक्त प्रयोजनका लागि नाम नामेशी सहितको स्पष्टीकरण माग गरिएको विवरण सम्बन्धित निर्वाचन कार्यालयले आफ्नो वेभसाइटमा राखी आफ्नो कार्यालयमा सबैले देख्ने गरी प्रकाशन गरी सो को मुचुल्का खडा गर्ने र निर्वाचन कार्यालयले स्पष्टीकरण माग गर्ने नाम नामेशी विवरण सम्बन्धित स्थानीय तहमा विद्युतीय प्रति पठाई सम्बन्धित स्थानीय तहको वेभसाइटमा र कार्यालयमा सबैले देख्ने गरी सो नाम नामेशी विवरण प्रकाशन गर्न लगाई सो को रितपूर्वकको मुचुल्का यस कार्यालयमा पठाइदिनुहुन समेत निर्णयानुसार अनुरोध छ ।

२०७३।९।१२

(नारायण प्रसाद भण्डारी)
प्रदेश निर्वाचन अधिकारी
प्रदेश निर्वाचन अधिकारी

फोन/फ्याक्स नं. ०८२-५६०८२०, Email : deo.dang@election.gov.np
"निर्वाचनमा सबै, सधै, सँगै"